

## SAMBHAV-

Skills, Aspiration, Motivation, Business And Vision for Youth

**आवेदन दिनुहोस्**

**"सम्भव"** परियोजना रुकुम पश्चिम, चौरजहारी नगरपालिकाका ८ जना युवाहरूका लागि एक उत्कृष्ट अवसर हो । जहाँ उनीहरूले, व्यवसायिक तथा जीवन उपयोगी सीप, तालिम र मार्गदर्शन प्राप्त गर्नेछन्। यस कार्यक्रम अन्तर्गत सहभागीहरूले काठमाडौँमा पूर्णरूपमा निःशुल्क तालिम पाउनेछन्, जसले उनीहरूलाई रोजगारी प्राप्त गर्न वा आफ्नै व्यवसाय सुरु गर्न आवश्यक ज्ञान र आत्मविश्वास प्रदान गर्नेछ। यो पहलले युवाहरूलाई आत्मनिर्भर बन्न प्रेरित गर्नुका साथै आफ्नै समुदायका लागि उदाहरणीय व्यक्ति बनाउन सहयोग गर्नेछ।

## कसले आवेदन दिन सक्नेछन् ?

- चौरजहारी नगरपालिकामा स्थायी रुपमा बसोबास गर्ने युवाहरू
- १८-२५ वर्ष उमेर समूहका युवाहरु
- व्यावसायिक सीप र तालिम लिन इच्छुक युवाहरु

**हामी महिलाहरुलाई आवेदन दिन प्रोत्साहित गर्दछौ**

## कार्यक्रमको लक्ष्य

युवाहरूलाई उत्प्रेरित र जीवनको स्पष्ट दिशा निर्धारण गर्न सक्षम बनाउँदै, जीवनस्तर र रोजगारीका अवसरहरूमा सुधार ल्याउने

सिपमुलक, व्यवसायिक तथा जीवन उपयोगी तालिमको माध्यमबाट रोजगारी प्राप्त गर्ने वा व्यवसाय सुरु गर्ने क्षमतामा वृद्धिगर्न र युवाहरूलाई आर्थिक रूपमा आत्मनिर्भर बन्न सशक्त बनाउँछ।

## आवेदन कसरि दिने ?

- अनलाइन आवेदन: (HDCS को फेसबुक)

**वा**

- हार्डकपी आवेदन (नगरपालिकाको कार्यालय)

## >>> कार्यक्रमका तत्वहरु <<<



**व्यवसायिक तालिम**



**CTEVT को सीप मुलक तालिम**



**व्यक्तिगत र जीवन उपयोगी सीपका सत्रहरू**



**परिवर्तनका कथाहरु**



**सामुहिक बसाई तथा छलफल**



**सिकाई मुलक भ्रमणहरु**

## आवश्यक योग्यता

- एस.ई.ई. उत्तीर्ण गरेको हुनुपर्ने छ
- स्नातक (ब्याचलर्स डिग्री) अध्ययन सुरु नगरेको हुनुपर्ने छ
- कार्यक्रमका लागि ५ महिनाको प्रतिबद्धता जनाउन सक्ने
- अनलाइन फारम वा हार्डकपी आवेदन भर्नेपर्ने
- मद्यपान, चुरोट वा लागूऔषध सेवन नगर्ने
- तालिमपछि चौरजहारीमै काम गर्न इच्छुक हुने

## समय तालिका

- **आवेदन खुल्ने मिति** २०८१/१२/२८
- **आवेदन बन्द हुने मिति** २०८२/०१/१७
- **अन्तर्वार्ता हुने मिति** २०८२/०१/२९-३०
- **कार्यक्रम सुरुवात हुने मिति** २०८२/०२/५
- **कार्यक्रम अन्त्य हुने मिति** २०८२/०७/०५

**थप जानकारीका लागि**

9764575811 मा सम्पर्क गर्नुहोला

मानव विकास तथा सामुदायिक सेवा
HUMAN DEVELOPMENT AND COMMUNITY SERVICES

TRANSFORMATION सम्भव IS POSSIBLE